# राष्ट्रिय सूचना आयोग

## का.म.न.पा.-१० (देवीनगर) काठमाडौँ

प. सं. ०७८/७९
च. नं.

### बुढिनन्दा नगरपालिकामा सूचनाको हकका वारेमा छलफल

चैत्र ४ शुक्रबार

बाजुरा जिल्ला बुढीनन्दा नगरपालिकामा २०७८ साल चैत ४ गते सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । राष्ट्रिय सूचना आयोगका आयुक्त कमला ओलीको प्रमुख आतिथ्यता रहेको उक्त कार्यक्रममा बुढीनन्दा नगरपालिकाका उपमेयर सृष्टि रेग्मीको अध्यक्षतामा रहेको थियो । १० वटा वडा रहेको उक्त पालिकामा सबै वडाबाट वडका प्रतिनिधीहरु साथै सार्वजनिक निकायका सूचना अधिकारी, पत्रकार साथै विभिन्न संघ संस्था, प्रहरी लगायत नागरिक समाजको उपस्थिती रहेको थियो ।

उक्त कार्यक्रममा आयोगका आयुक्त कमला ओलीले सूचनाको हक के हो ? किन आवश्यकता छ। यसको उपयोग जनताले कसरी गर्नुपर्छ। सूचना प्राप्त गर्दा अपनाउने विधी आयोगको परिचय, आयोगको काम, कर्तव्य अधिकारी हालसम्म आयोगले गरेका काम/कारवाई आयोग हुँदा र नहुँदाको औचित्यताको बारेमा चर्चा गर्नुहुँदै सार्वजनिक निकायको काम, कर्तव्य, अधिकार साथै सूचना अधिकारीले खेल्नुपर्ने भूमिकाको बारेमा चर्चा गर्नुभएको थियो । ३ घण्टा सम्म चलेको उक्त कार्यक्र मेयर पदम गिरीले सूचनाको हकको बारेमा धेरैले बुझेका छैनन् यो एउटा सरकारलाई पारदर्शी बनाई आफू स्वंयम सचेत रहेन माध्यम भएकोले सबैले यसको उपयोग गर्नुपर्ने बताउनुभएको थियो । यस्तै उपमेयर श्रृष्टी रेग्मीले यो विकट क्षेत्रमा आएर कार्यक्रम गरिदिनु भई यहाँको जनतालई सूचनाको हकको महत्व दर्साइदिएकोमा आयोगलाई धन्यवाद दिदै सूचनाको हकको प्रयोगले राज्यलाई चनाखो र भ्रष्टाचारमुक्त बनाउन सकिने र त्यस क्षेत्रका महिलालाई यस विषयमा केही थाहा नभएको आयोग फेरी पनि आएर बृहत कार्यक्रम गरिदियोस भन्नु भएको थियो । न्यायिक समितिको सदस्य, प्रदिप जोशी जिल्ला समन्वय समितिका प्रमुख नरेन्द्र कुमार रोकायाले पनि मन्तव्य दिनुभएको थियो ।

उक्त कार्यक्रममा वडिमालिका अनलाइनका पत्रकार प्रकास सिंहले सूचना माग्न भएको कठिनाई साथै सार्वजनिक निकायमा सूचना दिन्छु भन्दा पनि कहि कतै कम्प्युटर/बत्ति र इन्टरनेटको कारणले ढिलो हुने बताउनु भएको थियो । पत्रकार कृष्ण ओलीले इन्टरनेटबाट सूचना दिन लिने कारणले धेरै सहज भएको यस्लाई अझ सरल बनाउन अयोग भूमिका रहोस भन्ने भयो/अन्य थुप्रै सहभागीहरुले सूचनाको हक पहिला नबुझेको र यस्ता कार्यक्रमले बुझेको बताएका थिए । कार्यक्रम संचालन न्यायिक समितीका सदस्य नन्दलाल सार्कीले गर्नुभएको थियो ।

कमला ओली थापा
सूचना आयुक्त तथा प्रवक्ता